बित्थडचिर गाउँपालिका
(Bitthadchir Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Ruralmunicipal Executive)
9858487345 प्र.प्र.अ.
18105000109 टोल फ्री नं.
Email:bitthadchirmun@gmail.c
Website:www.bitthadchirmun.g
देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल


पस:२०८२।०८३
च.न.

बित्थडचिर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देउलेख, बझाङ्ग सुदूरपश्चिम प्रदेश, नेपाल

मिति : २०८२।१०।०६
नेपाल संवत ११४६

## आधारभूत तह (कक्षा ८) परीक्षाका लागि आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा बित्थडचिर गाउँपालिका अन्तर्गतका विद्यालयहरूका कक्षा ८ मा अध्ययनरत शैक्षिक सत्र २०८२ सालमा सञ्चालन गरिने आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षामा सहभागी हुने नियमित परीक्षार्थीहरूको आवेदन फाराम भरी भराई बुझाउनु हुन यो सूचना प्रकाशन गरिएको छ। परीक्षा आवेदन फाराम भरी भराई बुझाउँदा तपसिल अनुसार गर्नु गराउनु हुन समेत अनुरोध छ।

२०८२।१०।०६
.....................
शिक्षा अधिकृत
नरबहादुर धामी
शिक्षा अधिकृत

तपसिल :

१. विद्यार्थीहरूको वैयक्तिक विवरण जन्मदर्ता अनुसार ठिक साँचो छ/छैन ? सोको एकीन गरी ठिक साँचो नभएको भए पछिसम्म फरक नपर्ने गरी विद्यालयको EMIS मा सबै विवरण अनिवार्य रूपमा अध्यावधिक गर्ने।

२. आवेदन फाराम विद्यालयको EMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Application form मा Click गरेर विद्यार्थीको विवरण रूजु र पुनः रूजु गरी एक प्रति Print गर्ने र विद्यार्थीको हालसालै खिचिएको विद्यालय पोसाकमा रहेको फोटो समेत टाँसी विद्यार्थी स्वयम् तथा अभिभावकको हस्ताक्षर गराइसकेपछि प्रधानाध्यापकले प्रमाणित गर्ने र मिति २०८२ फागुन ०१ गतेभित्र विद्यार्थीको अंग्रेजी नामको Alphabetical Order मा फारामहरू मिलाई अनिवार्य रूपमा विद्यार्थीको जन्मदर्ताको फोटोकपी र EMIS बाट कक्षा ७ उत्तीर्ण गरेको ग्रेडसिटको प्रतिलिपि सहितको फाइल तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने।

३. शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यार्थीको Symbol Number कायम गरिसकेपछि परीक्षाको प्रवेशपत्र Print का लागि विद्यालयको EMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Admit Card मा Click गरेर प्रत्येक विद्यार्थीको दुई प्रति प्रवेशपत्र Print गर्ने र विद्यार्थीको हालसालै खिचिएको विद्यालय पोसाकमा रहेको फोटो समेत टाँसी प्रधानाध्यापकले प्रमाणित गर्ने। प्रवेशपत्रमा भएको विद्यार्थी हस्ताक्षर र प्रधानाध्यापकको हस्ताक्षर भएको ठाउँमा आ-आफ्नो स्थानमा हस्ताक्षर गर्ने।



CamScanner

बित्थडचिर गाउँपालिका
(Bitthadchir Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
(Office of the Ruralmunicipal Executive)
9858487345 प्र.प्र.अ.
18105000109 टोल फ्री नं.
Email:bitthadchirmun@gmail.co
Website:www.bitthadchirmun.g
देउलेख, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र सङ्ख्या:२०८२।०८३
च.न.

४. विद्यालयको पत्रसाथ विद्यार्थीहरूको विवरण Alphabetical Order मा राखी सोही बमोजिम समष्टिगत फाराम तयार गरी पेश गर्ने ।

५. परीक्षाको लागि चाहिने आवश्यक शैक्षिक सामग्रीहरू परीक्षार्थी स्वयम्ले व्यवस्था गर्नु पर्नेछ । सोको जानकारी प्रत्येक विद्यालयले विद्यार्थीहरूलाई गराउनुपर्ने ।

६. विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८० मा व्यवस्था भए बमोजिम मिति २०८२ फागुन १० गतेभित्र विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन गरी देहायको ढाँचामा प्रत्येक विषयको हाजिरी वापत ४, प्रयोगात्मक परियोजना कार्य वापत ३६ र प्रथम /द्वितीय त्रैमासिक परीक्षा अनुसार १० अङ्कका आधारमा पेश गर्नु पर्नेछ । साथै उक्त अङ्क EMIS मा प्रविष्ट समेत गर्नुपर्ने ।

| क्रस | विद्यार्थीको नाम | अंग्रेजी | नेपाली | गणित | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन | स्वास्थ्य शारीरिक | हाम्रो बित्थडचिर | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

बोधार्थ तथा अवगतार्थ :

श्री अध्यक्ष ज्यू : जानकारीका लागि सादर अनुरोध ।

श्री उपाध्यक्ष ज्यू : जानकारीका लागि सादर अनुरोध ।

श्री सञ्चार तथा सुचना प्रविधि शाखा : वेबसाइट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन ।



CamScanner